# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।२२ गते।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला जाजरकोट जुनीचाँदे गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर के.सी. ले सोही गाउँपालिकाको वडा नं. ५ मा बिभिन्न उपभोक्ता समितिमार्फत भएको सडक निर्माणको काम सम्पन्न पश्चात भुक्तानीका लागि सहजीकरण गरिदिने भनी घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिई गएको टोलीद्वारा निज कृष्णबहादुर के.सी. र निजसँगै रहेका चन्द्रबहादुर बस्नेतसमेतलाई रु.८,००,०००।- (आठ लाख) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा अध्यक्ष कृष्णबहादुर के.सी. र प्रधानाध्यापक चन्द्रबहादुर बस्नेतले एक आपसमा मिलेमतो गरी सेवाग्राहीसँग सडक निर्माण काम सम्पन्न पश्चात भुक्तानीको लागि सहजीकरण गरिदिने भनी रु. ८,००,०००।— (आठ लाख) घुस/रिसवत माग गरी उक्त रकम बाँडी लिएको स-प्रमाण पुष्टि हुन आएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भए गरेको देखिंदा निजहरु अध्यक्ष कृष्णबहादुर के.सी. र प्रधानाध्यापक चन्द्रबहादुर बस्नेतलाई बिगो रु. ८,००,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरीएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला